# फलफूल खेती विस्तार कार्यकम संचालन कार्यविधि, २०७५

<u>प्रास्तावना</u>: निजी जग्गामा फलफूल खेती विस्तार गरी व्यवसायीक उत्पादन प्रवर्द्धनको माध्यमवाट आयात प्रतिस्थापन एंव निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले दुई हेक्टर भन्दा बढी क्षेत्रफलमा फलफूल खेती (आँप, लिचि, केरा, मेवा, भुईकटहर आदि) विस्तारका लागि प्रदान गरिने अनुदान कार्यक्रमलाई सरल,सुव्यवस्थित,पारदर्शी तथा प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश नम्बर दुईको प्रदेश सरकारले देहायको कार्यविधि वनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो कार्यविधिको नाम "फलफूल खेती विस्तार कार्यकम सन्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारवाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यविधि" भन्नाले दुई हेक्टर भन्दा बढी क्षेत्रफलमा फलफूल खेती विस्तार कार्यकम संचालन कार्यविधि, २०७६ सम्झनु पर्छ ।

(ख) "कार्यकम" भन्नाले दुई हेक्टर भन्दा बढी क्षेत्रफलमा फलफूल खेती (आँप, लिचि, केरा, मेवा, भुईकटहर आदि) विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान सम्बन्धी स्वीकृत वार्षिक कार्यकमलाई सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले उष्ण प्रदेशिय वागवानी नर्सरी विकास केन्द्र, जनकपुरधाम धनुषा सम्झनु पर्छ ।

(घ) "निजी जग्गा" भन्नाले फार्म, कम्पनी वा संस्था तथा व्यक्तिको स्वामित्वमा रहेको जग्गा सम्झनु पर्छ ।

(ङ) "फार्म, कम्पनी वा संस्था" भन्नाले प्रचलित कानुन बमोजिम सरकारी कार्यालयमा दर्ता भई सन्चालन रहेको फाम र्वा कम्पनी वा संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी संस्थालाई समेत जनाउछ ।

(च) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "समुह" भन्नाले नेपाल सरकारका जिल्ला स्थित कार्यालय तथा स्थानीय तहमा विधिवत दर्ता भएको समुह सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(ट) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

३. **फलफूल खेती विस्तार कार्यक्रम सन्चालन प्रक्रिया:** (१) फलफूल खेती विस्तार कार्यक्रम सन्चालनको प्रमुख जिम्मेवारी केन्द्रमा रहनेछ। यसको सहजीकरण निर्देशनालय, ज्ञान केन्द्र, वागवानी फर्म र वागवानी केन्द्रहरुबाट हुनेछ।

(२)उपदफा (१) बमोजिम फलफूल खेती विस्तार गर्दा निजी फर्म, कम्पनी वा संस्था एंव समूहलाई प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराईनेछ।

४. **सुचना प्रकाशन:** (१) केन्द्रले कार्यक्रम संचालनका लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तोकिएको योग्यता पुगेका फार्म, कम्पनी वा संस्था तथा समूहलाई फलफूल खेती विस्तारको लागि अनुसुचि-१ बमोजिमको प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएपछि ईच्छुक फार्म, कम्पनी वा संस्था तथा समूहहरुले उक्त सुचनामा तोकिएको समय भित्रमा अनुसूचि-२ अनुसारको कागजातहरु तथा अनुसूचि-३ अनुसारको प्रस्ताव संलग्न राखी केन्द्रमा शिलबन्दी आवेदन प्रस्ताव दर्ता गराउन सक्नेछन्।

५. **समिति:** फलफूल खेती विस्तार कार्यक्रम संचालन तथा सहजीकरणका लागि केन्द्रमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ :-

(क) केन्द्रको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि - संयोजक

(ख) निर्देशनालयको वागवानी विकास शाखा प्रमुख वा प्रमुखले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित जिल्लाको ज्ञान केन्द्रको अधिकृत प्रतिनिधि -सदस्य

(घ) कृषि आधुनिक यान्त्रीकरण प्रवर्द्धन केन्द्र,

नक्टाझिज, धनुषाको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) केन्द्रको शाखा अधिकृत -सदस्य सचिव

६. **समितिको काम, कर्तव्य र अधिकार** :(१)समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्र प्रमुख समक्ष प्रस्ताव मूल्याङ्कन गरी मूल्याङ्कनको नतिजा सिफारिस गर्ने,

(ख) प्रस्तावहरुको प्रारम्भिक र अन्तिम मूल्याङ्कनको लागि समितिका पदाधिकारी र अन्य विज्ञहरु रहने गरी उप समिति गठन गर्ने र कार्यादेश दिने,

(ग) प्रस्तावहरुको प्रारम्भिक र अन्तिम मूल्याङ्कन गरी केन्द्रमा सिफारिस गर्ने

(घ) केन्द्रलाई प्राविधिक तथा अन्य राय सुझाव दिने,

(२) समितिले आवश्यकता अनुसार बढीमा दुई जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. **प्रस्तावकको योग्यता:** फलफूल खेती विस्तार कार्यक्रममा सहभागी हुन प्रस्तावकको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) अनुसूचि-३ अनुसारको ढाँचामा लेखिएको प्रस्ताव सहित अनुसुचि-२ अनुसारको निवेदन ।

(ख) प्रस्तावकका तर्फवाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको व्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपी ।

(ग) स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको भन्ने शिफारिसपत्र सहितको आवश्यक सहयोगको प्रतिबद्धता पत्र ।

(घ) फार्म, कम्पनी वा संस्था, समुहको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थाई लेखा नम्बर र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) कार्यक्रम सन्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गाको लालपूर्जाको प्रतिलिपी र ट्रेस नक्साको प्रतिलिपी

(च) आफ्नो नजिी वाहेक अन्य जग्गा भएमा न्युनतम १५ वर्ष करार सम्झौता गरेको सम्झौताको प्रतिलिपी ।

८. **प्रस्ताव मुल्याङ्कन, छनौट र सम्झौता :** (१) प्रचलित कानुन बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरुको मुल्याङ्कन समितिले गर्नेछ ।

(२) समितिले प्रस्ताव मुल्याङ्कनको लागि आवश्यक ठानेमा मुल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मुल्याङ्कन उपसमिति गठन भएकोमा मुल्याङ्कन उप समितिले दफा ७ बमोजिमको योग्यता पुगेको प्रस्तावहरुको मात्र स्थलगत निरीक्षण गरी थप मूल्यंङ्कन गर्नेछ ।

(४)) उपदफा (२) बमोजिम गठित मुल्याङ्कन उप समितिले प्रचलित कानून बमोजिम प्रस्तावको मूल्याङ्कन गरी मूल्याङ्कनको नतिजा समिति समक्ष सिफारिस साथ पेश गर्नुपर्नेछ ।

(५) मुल्याङ्कन समितिले आवश्यकता अनुसार अनुसुचि-४ बमोजिमको प्रस्ताव मुल्याङ्कनको मापदण्ड भित्र रही थप मुल्याङ्कनका उपशिर्षक निर्धारण गर्न सक्नेछ ।

(६) अनुगमनको कममा प्रस्ताव पेश गरेको विवरण झुटो ठहरिएमा वा प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्युनत्तम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मूल्याङ्कन प्रकृया अगाडी बढाईने छ ।

(७) समितिले उप समितिको प्रतिवेदनलाई समेत आधार मानी आयोजना छनौटका लागि केन्द्र प्रमुखलाई सिफारिस गर्नेछ ।

(८) उपदफा (७) बमोजिम शिफारिससाथ छनौटको लागि पेश भएको आयोजना स्वीकृत कार्यक्रमको परिधिभित्र रही अनुसुचि-४ बमोजिमको प्रस्ताव मूल्याङ्कन मापदण्ड बमोजिम सबै भन्दा बढी अंक प्रप्त गर्ने प्रस्तावहरु कार्यक्रम सन्चालनका लागि छनौट गरिनेछ ।

(९) कार्यक्रम सन्चालन गर्ने अनुदानग्राही संस्थाहरुसँग केन्द्रले आवश्यक शर्तहरु राखी अनुसूचि-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

९. **संचालन हुने मुख्य मुख्य कियाकलाप र सहजीकरण:** फलफूल खेती विस्तार कार्यक्रम अन्तर्गत संचालन हुने मुख्य मुख्य कियाकलाप र सहजीकरण देहाय बमोजिम हुनेछ :-

| सि. नं | कार्यक्रमको विवरण | कियाकलाप | सहजिकरा % | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बढीमा | | |
| १ | फूलफूल बगैचा क्षेत्र विस्तार | अनुसुचि-६ बमोजिमको कियाकलपहरुको प्याकेज | ७५% पचहत्तरी प्रतिशत | फार्म, कम्पनी वा संस्था तथा समुहमा आवद्ध कृषक, केन्द्र | कृषि विभागवाट २०७४ बैशाख ८ मा प्रकाशित विभाग अन्तर्गतका कार्यालयहरुवाट कृषक, कृषक समुह, सहकारीले प्रप्त गर्न सक्ने अनुदान सम्बन्धी विवरणलाई आधार मानिएको । |
| २ | कृषि औजार उपकरण | सिकेचर, आरी स्प्रेयर (फूट तथा पावर समेत) खाडल खन्ने मेसिन, पावर मिनि टेलर, घाँस काटने र गोडने मेसिन, उच्च प्रविधि सामाग्री लगायत । | ७५% | फार्म, कम्पनी वा संस्था तथा समुहमा आवद्ध कृषक, केन्द्र | |
| ३ | सिँचाई | पोखरी (प्लाष्टिक तथा सिमेन्ट) | ८५% | | साना सिचाई विशेष कार्यक्रम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिंचाई हैणड पाईप, थोपा सिचाई, कुलो निर्माण | | | कार्यान्वयन निर्देशिका, २०६१ लाई आधार मानिएको । |
| ४ | अनुगमन तथा निरिक्षण | मन्त्रालय, निर्देशनालय,केन्द्र,स्थानीय तह तथा केन्द्रिय निकायवाट | | केन्द्र., निर्देशनालय, मन्त्रालय | |

१०.**खर्च सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम गर्ने कार्यहरु: (जस्तै सूचना प्रकाशन, बैठक भत्ता, अनुगमन मूल्याङ्कन, कार्यालय सन्चालन लगायतका कार्यका लागि) यसै कार्यक्रमको लागि विनियोजित भएको बजेटको तीन प्रतिशत कन्टिन्जेन्सी बजेटबाट व्यवस्थापन गरिनेछ ।

(२) कार्यक्रम सन्चालनको लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च तोकिए बमोजिम हुनेछ ।

(३) अनुदानग्राहीलाई कामको प्रकृति अनुसार बढीमा २ (दुई) किस्तामा सम्झौता बमोजिमको अनुदान रकम बैंक मार्फत उपलब्ध गराईने छ ।

११.**प्रगति प्रतिवेदन पठाउनु पर्ने :** अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा केन्द्रमा पेश गर्नुपर्नेछ ।

१२.**अनुगमन मूल्याङ्कन:** (१) मन्त्रालय, निर्देशनालय, केन्द्र, ज्ञान केन्द्र तथा स्थानीय तहबाट नियमित अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१३.**प्रचलित कानुन बमोजिम हुने :**यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

१४. **वाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा पर्न गएमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ ।

१५. **अनुसूची हेरफेर:** मन्त्रालयले यस कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ ।

१६. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने:** यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयको सिफारीसमा प्रदेश सरकारले संशोधन तथा खारेज गर्न सक्नेछ ।

अनुसुचि-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धीत)

**फलफूल खेती विस्तार कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

**सूचना । सूचना ॥ सूचना ॥।**

आर्थिक वर्ष ......... को उष्ण प्रदेशीय वागवानी नर्सरी विकास केन्द्र ,जनकपुरधामको वार्षिक स्वीकृत कार्यक्रम अनुसार दुई हेक्टर भन्दा बढी क्षेत्रफलमा फलफूल खेती (आप, लिची, केरा, मेवा, भुईकटहर, आदी) कार्यक्रम रहेको हुँदा ईच्छुक फार्म/कम्पनी/संस्था तथा समुह/ सहकारीवाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशीत भएको मितिले १५ (पन्ध्र) दिन भित्र अनुसुचि-२ बमोजिमका कागजातहरु संलग्न राखी उष्ण प्रदेशीय वागवानी नर्सरी विकास केन्द्र, जनकपुरधाममा बुझाउनु हुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारीको लागि उष्ण प्रदेशीय वागवानी नर्सरी विकास केन्द्र , जनकपुरधाममा सम्पर्क गर्न सक्नु हुनेछ ।

अनुसुचि-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धीत)

रु.१० को टिकट

## आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु

श्री उष्ण प्रदेशीय वागवानी नर्सरी विकास केन्द्र

जनकपुरधाम ।

मेरो फर्म/कम्पनी/संस्था तथा समुह/सहकारीबाट..................गा.पा./न.पा............जिल्ला अन्तर्गत.................स्थानमा...................जातको फलफूल बगैचाको स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु.............मध्ये रु................मैरै/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु............. अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु/गरेका छौं ।

**संलग्न कागजातहरु :-**

१. अनुसुचि-२ अनुसारको आवेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. अनुसुचि-३ अनुसार लेखिएको प्रस्ताव ।
४. सम्बन्धीत स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहको शिफारिस पत्र र आवश्यक आर्थिक सहयोगको प्रतिवद्धता पत्र ।
५. फार्म/कम्पनी/संस्था तथा समूह/सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, स्थाई लेखा नम्बर र कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
६. कार्यक्रम संन्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लक र सीमा जोडिएको हुनु पर्नेछ (लालपुर्जाको प्रमाणित प्रतिलिपी र ट्रेस नक्साको प्रमाणित प्रतिलिपी )।
७. करार सम्झौता गरेको जग्गा भए एकै ब्लक र सीमा जोडदा न्यूनतम १५ (पन्ध्र) वर्षको करार सम्झौता गरेको करारको प्रमाणित प्रतिलिपी ।
८. प्रस्ताव पेश गर्दा स्थाई लेखा नम्बर र कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सम्झौतको बखतसम्म पेश गर्नुपर्ने।

निवेदक :

दस्तखत :

नाम थर :

पद :

फार्म/कम्पनी :

ठेगना :

फार्म/संस्थाको छाप :

हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको दस्तखत:

अनुसुचि-३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धीत)

**प्रस्तावको ढाँचा**

१. फार्म/कम्पनी/संस्था तथा समूह/सहकारी संस्थाको नाम :
२. ठेगाना :
३. कार्यक्रम संचालन हुने क्षेत्रफल :
४. विस्तार हुन सक्ने क्षेत्रफल :
५. परियोजनाको पृष्ठभूमि :(संस्था एंव स्थान परिचय र अवस्था, उद्देश्य)
६. परियोजनाको उद्देश्य (बढीममा ५ बुंदामा)
७. कार्य योजना : कियाकलाप (के, कति, कहिले, कसरी,कस्ले)
८. अपेक्षित प्रतिफल : (गणना गर्न सकिने मात्र)
९. लागत बजेट : (टेवल बनाउन सकिने) (अन्तमा जम्मा संस्थाले व्यहोर्ने,माग गरिएको अनुदान)
१०. विरुवाको श्रोत र उपलब्धताको सुनिश्चितताको प्रमाण
११. दिगोपनाको योजना :(संरक्षण योजना, मरेको विरुवाको स्थानमा नयां विरुवा रोप्ने र अन्य व्यवस्थापन कार्य कम्तिमा ५ (पाँच) वर्षे कार्ययोजना)
१२. प्राविधिक ज्ञान, अनुभव र दक्षता
१३. लगानीको श्रोतमा अन्य निकायको सहभागीता रहेको प्रमाण
१४. नयाँ सोच केही भए उल्लेख गर्नुहोस् ............

प्रस्तावक संस्थाको नाम :
ठेगना :
दस्तखत (अधिकार प्राप्त व्यक्तिको ) :
मिति :
संस्थाको छाप :
नोट : प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुसुचि-४

(दफा ९ को उपदफा (४) र उपदफा (८) सँग सम्बन्धीत)

## प्रस्ताव मुल्यांकण मापदण्ड

१. कम्पनी/संस्था/फार्म रीत पुर्वक दर्ता हुनु पर्नेछ।

२. भौगोलिक वातावरणमा उपयुक्तता (५ अंक)

३. दुई हेक्टर भन्दा बढी क्षेत्रफल (१५ अंक)

४. संचालक तथा कम्पनीको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा रहेको जग्गा भएको हकमा (१०अंक) र करार गरी भाडामा लिएको जग्गाको हकमा (८ अंक)

५. प्राविधिक ज्ञान,अनुभव र दक्षता (३ अंक)

६. बजार योजना (२ अंक)

७. लगानीको श्रोतमा अन्य निकायको सहभागिता रहेको प्रमाण पेश गरेमा (२अंक)

८. व्यवसायीक योजना (३ अंक)

पूर्णाङ्क जम्मा : ४०

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुसुचि-५

(दफा ९ को उपदफा (९) सँग सम्बन्धीत)

## सम्झौता पत्र

आ.व.............वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रस्तावनाका आधारमा फलफूल क्षेत्र विस्तार कार्यक्रम संन्चालन प्रयोजनार्थ दुई हेक्टर भन्दा बढी क्षेत्रफलमा फलफूल खेती (आप,लिची,केरा, मेवा, भुइकटहर आदि) कार्यक्रम संन्चालन कार्यविधि, २०७६ अनुसार मिति .........मा गरिएको प्रस्ताव आह्वानको सूचना अनुसार यस कार्यालयको मिति .........को निर्णयले जम्मा लागत रु.........( अक्षरेपी..................मात्र) मध्ये कार्यालयबाट अनुदान रु.........( अक्षरेपी..................मात्र) हुनेगरी तपसिल अनुसारको क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न निम्नानुसारका शर्तहरुमा मन्जुर गरी यो सम्झौता गरिएको छ ।

| कं .सं. | कियाकलाप | जम्मा लागत | कार्यक्रमबाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता पत्र उष्ण प्रदेशिय वागवानी नर्सरी विकास केन्द्र जनकपुरधाम (प्रथम पक्ष) र सम्बन्धीत..............................................(दोश्रो पक्ष) बीच फलफूल क्षेत्र विस्तार कार्यक्रम संचालन गर्ने कार्यको लागि प्रयोग हुनेछ ।

२. यो सम्झौता सम्झौताकारी दुबै पक्षवाट हस्ताक्षर भएको मिति देखी प्रारम्भ हुनेछ ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झैता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई अयोजनाको प्रकृति अनुसार बढीमा २ (दुई) किस्तामा (५०/५०% का दरले) रकम उपलब्ध गराउनुपर्नेछ । दोस्रो पक्षले मिति २०७६।०३।१० सम्ममा कार्य सम्पन्नगरि कार्यालयमा अन्तिम बील भरपाई पेश गरि भुक्तानी माग गर्नु पर्नेछ ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा ५० (पचास) प्रतिशत कार्य गरेको हुनु पर्नेछ । सम्झौता बमोजिमको कार्य पुरा भएपछि अन्तिम वा दोश्रो किस्ता रकम प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. प्रथम पक्षले दोश्रो पक्षलाई किस्ता भुक्तानी गर्दा सम्बन्धीत प्राविधिकको मुल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफरिसको आधारमा भुक्तानी गरिनेछ । दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशानुसार कार्य गर्नु पर्नेछ ।

७. अन्तिम वा दोश्रो किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकबाट मुल्याङ्कन गराई बील सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो समेत) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ । प्रथम पक्षले रीतपुर्वकको प्रतिवेदन तथा बिलहरु प्राप्त भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

८. दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदनका साथ नगरपालिका/गाँउपालिकाबाट कार्यसम्पन्न भएको सिफरिस पत्र पेश गर्नु पर्नेछ ।

९. दोश्रो पक्षले कार्यकमको प्रगति विवरण मासिक रुपमा उष्ण प्रदेशिय वागवानी नर्सरी विकास केन्द जनकपुरधाममा, उपलब्ध गराउनु पर्नेछ ।

..................................

प्रथम पक्षका तर्फबाट

नाम :

पद :

मिति :

कार्यालयको नाम छाप :

..........................

दोश्रो पक्षका तर्फवाट

नाम :

पद :

मिति :

कार्यालयको नाम छाप

साक्षी
नम, थर :
पद :
मिति :
ठेगना :

अनुसुचि-६

(दफा ११ को उपदफा (२) सँग सम्बन्धीत)

**विभिन्न फलफूल खेतीको उत्पादन प्याकेज प्रति हेक्टर**

| सि.नं. | कियाकलाप | ईकाई | आँप | लिची | केरा | मेवा | भुईकटहर |
|---|---|---|---|---|---|---|---|
| १ | बगैचा रेखाङ्कन गर्न आवश्यक सामाग्री (बाँसको किला, डोरी,टेप) | रु | | | | | |
| २ | बगैचा रेखाङ्कन गर्ने, विरुवा रोप्न खाडल खन्ने ,मल मिसाउने तथा पुर्ने टेका तथा छापो राख्ने ज्यामी | संख्या | ४५ | ६० | ५०० | ५०० | १००० |
| ३ | विरुवा व्यवस्थापन | संख्या | १०० | १५० | १००० | १००० | २०००० |
| ४ | मलखाद (खाडल तयारी गर्दा प्रयोग गर्ने) | | | | | | |
| | कम्पोष्ट | के.जी. | १००० | १५०० | ५००० | ३००० | २०००० |
| | युरिया | के.जी. | ५ | ७.५ | १७१ | १६६ | ३२२४ |
| | डिएपी | के.जी. | २.५ | ३.७५ | २४० | ५४४ | ३४८० |
| | पोटास | के.जी. | २.५ | ३.७५ | ४१७ | ८३४ | ५३५४ |
| ५ | विरुवालाई टेका,पाईप तथा तार फिटिङ्ग र छापो व्यवस्थापन | रु | | | | | |
| ६ | कृषि औजार उपकरण खरीद( सिकेचर,आरी,स्प्रेयर) | रु | | | | | |
| ७ | सिचाई पाईप ईन्च | मिटर | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ८ | विरुवा तथा सामाग्री ढुवानी | रु | | | | | |

नोट : सामग्री प्रचलित बजार मुल्य तथा ज्याला जिल्ला दररेट अनुसार राख्ने । मेसिनरी औजारको प्रस्तावकले जनश्रमकोमा न्यूनहुने संख्या तथा लागत कम गरी प्रस्ताव गर्नु पर्नेछ ।